## मिति २०७५।१२।२२ मा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठक वसी देहाय बमोजिमका निर्णयहरु गरेको छ :

__निर्णय नं. १:__ मिति २०७५।१२।१७ गते साँझको समयमा बारा र पर्सा जिल्लामा आएको हावा हुरीको प्रभाव, यसले पुर्याएको क्षति एवं भएगरेको प्रतिकार्यका बारेमा गृह मन्त्रालयवाट जानकारी गराइयो । यस बारेमा सबै सम्बन्धित पदाधिकारीहरुले पनि आआफ्नो प्रगती र पृष्ठपोषण राख्नु भयो । यस दुखःद प्रकोपमा परी ज्यान गुमाउने व्यक्तिहरुको आत्माको चीर शान्तिको कामना गर्ने र उक्त हावा हुरीको प्रकोपमा परी घाइते हुनेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

__निर्णय नं. २:__ मिति २०७५।१२।१७ गते साँझको समयमा बारा र पर्सा जिल्लामा आएको हावा हुरीको प्रकोपमा परी घाइतें हुनेहरूको संपुर्ण औषधी उपचारको व्यवस्था गर्ने ।

__निर्णय नं. ३:__ मिति २०७२।१२।१७ गते साँझको समयमा बारा र पर्सा जिल्लामा आएको हावा हुरीको प्रकोपका कारण हुन गएको धनमालको क्षतिको विषयगत र वस्तुगत विवरण सम्बन्धित मन्त्रालय तथा विभागहरूबाट संकलन गरी ५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रमा पठाउने र प्राप्त विवरणको संकलित तथा एकीकृत विवरणको प्रतिवेदन गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले २ दिन भित्र प्रकाशन गर्ने ।

__निर्णय नं. ४:__ वारा र पर्सा जिल्लाको हावा हुरी प्रभावित क्षेत्रमा राहत सामग्रि तथा सेवाको वितरण गर्दा, गराउँदा एकद्‌वार प्रणालीको अबलम्बन गर्ने र उक्त एकद्‌वार प्रणालिको कार्यान्वयनको नेतृत्व जिल्ला विपद व्यवस्थापन समिति वारा र पर्साले संबन्धित स्थानीय तहसंगको समन्वयमा गर्ने गराउने ।

__निर्णय नं. ५:__ वारा र पर्सा जिल्लाको हावा हुरी प्रभावित क्षेत्रमा प्रभावित समुदायको खोज तथा उद्दारको कार्य सकिएको, १ महिना सम्म हुने शिघ्र पुनःस्थापना गर्नका लागि रक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, नेपाली सेना लगायत संबन्धित निकायले आवश्यक प्राविधिक र व्यवस्थापकीय काम कारवाहीको गृहकार्य गरी नीतिगत र कार्यगत चुश्तताका साथ पुनःस्थापनाको कार्य थालनि गर्ने; यसक्रममा संबन्धित मन्त्रालय तथा विभागहरूबाट प्राथमिकताका साथ आ-आफ्नो कार्यक्षेत्रको काम कारवाही अगाडी बढाउने र सँगसँगै जीविकोपार्जन सहितका पुनर्लाभका कार्यक्रमहरु समन्वयात्मक ढंगले अगाडि बढाउने ।

__निर्णय नं. ६:__ वि. सं. २०७५ चैत्र तथा २०७६ सालको बैशाख र पछि हुनसक्ने हावा हुरीको प्रकोपबाट हुनसक्ने क्षति कमगर्न, आगलागिको घटना हुन नदिन र भैहालेमा तत्काल उद्धार, राहत र पुस्थापना गर्न गराउनका लागि संबन्धित मन्त्रालय, विभाग, सुरक्षा निकाय, मानवीय क्षेत्रमा क्रियाशिल संघसंस्था, निजी क्षेत्र समेतले प्रभावकारी पुर्वतयारी तथा प्रतिकार्य गर्ने ।

गृह मन्त्री

**निर्णय नं. ७:** २०७६ सालको मनसुनको प्रकोपवाट उत्पन्न हुनसक्ने बाढी, पहिरो, डुवान लगाएतका विपदजन्य अवस्थामा तत्काल उद्धार, राहत र पुन:स्थापना गर्न गराउनका लागि संवन्धित मन्त्रालय, विभाग, सुरक्षा निकाय, मानवीय क्षेत्रमा क्रियाशिल संघसंस्था, निजी क्षेत्र समेतले ठोस कार्य योजना सहितको पुर्वतयारी गर्ने, गराउने ।

**निर्णय नं. ८:** विपद् प्रतिकार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पर्ने खोज तथा उद्धारका सामग्री अत्यन्त न्यून र अपर्याप्त रहेको हुँदा त्यस्ता सामग्री खरिद गरि पूर्वतयारी गर्न गृह मन्त्रालय र अन्य सम्वन्धित मन्त्रालयहरुले अर्थ मन्त्रालयमा वजेट माग गर्ने ।

**निर्णय नं. ९:** राहतमा तत्काल उपलव्ध गराउनु पर्ने त्रिपाल लगायत अत्यवस्यक सामग्री न्यूनतम् मात्रामा खरिद गरी पूर्वभण्डारण गर्ने वा Stand by Agreement वाट Stand by राख्ने आवश्य व्यवस्था गृह मन्त्रालयले मिलाउने र सो को लागि केन्द्रीय विपद् व्यवस्थापन कोषमा मौज्दात् रहेको रकम खर्च गरी अनुमोदनको लागि पेश गर्न निर्देशन दिने ।

**निर्णय नं. १०:** विपद् व्यवस्थापनको लागि गृह मन्त्रालय मार्फत केन्द्रिय कोषवाट मिति २०७५।०५।२२ यता भएको खर्च/निकासा रु. ५ करोड ९० लाख ५५ हजार अनुमोदन गर्ने ।

**निर्णय नं. ११:** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) को दफा ८ (त) बमोजिम "राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५)" स्वीकृत गरिएको छ ।

**निर्णय नं. १२:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८ (द) र दफा ४८ ले दिएको अधिकार प्रयोग गरी "आपत्कालीन संचार प्रणालीको तहगत आवद्धता र संचालन मापदण्ड, २०७५" स्वीकृत गरिएको छ ।

**निर्णय नं. १३:** "विपद् पश्चातको शव व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०६८" लाई आवश्यक परिमार्जन गरी तयार भएको "विपद् पश्चातको शव व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०६८ (प्रथम संशोधन, २०७५)" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) को दफा को दफा ५ 'क' बमोजिम राष्ट्रिय परिषद्वाट स्वीकृत हुन सिफारिस गर्ने निर्णय गरियो ।

मिति: २०७५।१२।२२

गृह मन्त्री